# आर्थिक बर्ष २०७५/०७६ को नीति

करैयामाई गाउँपालिका

करैया, बारा

प्रदेश नं. २, नेपाल

२०७५

**करैयामाई गाउँपालिकाको आ.व. २०७५।०७६ को बिशेष गाउँसभामा गाउँपालिका अध्यक्ष एवं सभा अध्यक्ष श्री भुनेश्वर धामी ज्यूद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट वक्तव्य**

यस गरिमामय सभाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु लगायत सबैमा मेरो हार्दिक अभिवादन ।

- नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी करैयामाई गाउँपालिका सरकारको तर्फबाट तेस्रो पटक (बिशेष गाउँसभा) आर्थिक बर्ष २०७५/०७६ को करैयामाई गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा सिंगो गाउँपालिकाले गर्वको अनुभुति गरिरहेको छ ।
- यस अवसरमा ऐतिहासिक कालखण्डदेखि हालसम्म परिवर्तनमा सरिक हुँदै स्वतन्त्रता तथा जनताको अधिकार स्थापित गर्न आफ्नो जीवनलाई बलिदान गरी सुनौलो अवसर दिलाउने ज्ञात अज्ञात महान शहिदहरुप्रति श्रद्धान्जली अर्पण गर्दछु ।
- जनताको पूर्ण लोकतन्त्र, विधिको शासन, सुशासन सहितको विद्युतीय शासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्ट्राचारमुक्त सभ्य, सुसंस्कृत एवम् कर्तव्यप्रति दुढ समतामूलक एवम् न्यायपूर्ण समाजलाई आदर्शको रुपमा लिदैं स्वच्छ, सफा, शान्त, सुशासनयुक्त, समृद्ध र सुखी गाउँपालिका निर्माणको लागि गाउँ सरकार प्रतिवद्ध छ ।
- दिगो आर्थिक बृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन सहभागितामूलक योजना तुर्जमा प्रक्रिया एवम् दिगो विकासको लक्ष्य अनुसार वडा, टोल बस्तीबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताको साथ कार्यान्वयन गर्न खोजेका शिक्षा, स्वास्थ्य, कृषि, पशु, ग्रामिण सडक, सहकारी, उद्योग तथा वाणिज्य, महिला सशक्तिकरण र रोजगारी, विपद् व्यवस्थापन, वातावरण, खानेपानी, सरसफाई, संस्थागत विकास तथा सेवा प्रवाहसँग सम्बन्धित आयोजनाहरुको प्रतिफल सुनिश्चित हुने गरी कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।
- अबको विकास सुचना र तथ्यांकको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ । भू-सूचना प्रणालीमा आधारित डिजिटल गाउँपालिका प्रोफाइल निर्माणको कार्यलाई मूर्तरुप दिईनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिबृद्धि गरिनेछ ।
- वडा तथा गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिबृद्धि गरिनेछ । राजनीतिक स्थिरता, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ । उत्कृष्ट काम गर्ने कर्मचारी र पदाधिकारीलाई बार्षिक रुपमा सम्मान सहित पुरस्कार गरिनेछ । साथै कर्मचारीको व्यवसायिकता अभिबृद्धिको लागि प्रत्येक कर्मचारीले एक बर्षमा कम्तिमा एक पटक सार्वजनिक सेवा प्रवाह र आयोजना संचालन सम्बन्धि तालिम लिने व्यवस्था मिलाईनेछ ।

- बार्षिक कार्यतालिका निर्माण गरी बजेट तथा योजना तर्जमा, कार्यक्रम स्वीकृति, बार्षिक खरिद योजना निर्माण, योजना कार्यान्वयन, उपभोक्ता समितिहरुको सशक्तिकरण, योजना अनुगमन तथा मूल्यांकन, सार्वजनिक सुनुवाई, प्रगती समिक्षा लगायतका कार्यलाई व्यवस्थित गरिनेछ ।
- यस आर्थिक बर्षमा गाउँपालिकाको पञ्चबर्षिय आवधिक योजना निर्माण, बिषयगत एवम् क्षेत्रगत गुरुयोजना निर्माण, एकीकृत गुरुयोजना निर्माण लगायतका योजना निर्माणसँग सम्बन्धित कार्यहरु सम्पन्न गरिनेछ । योजना तथा गुरुयोजना निर्माणको लागि आवश्यक बजेट व्यवस्था हुनेछ ।

## कृषि सम्बन्धी नीति

- यस आर्थिक बर्ष कृषि क्षेत्रको विकासको लागि कृषि गुरुयोजना तयार गरी लागू गरिनेछ । अर्गानिक गाउँपालिका निर्माणको लागि कृषि उपजहरुको अर्गानिक उत्पादन गर्ने अभियान तत्काल सुरु गरिनेछ । यसको लागि कृषकहरुलाई ५० प्रतिशत अनुदानमा अर्गानिक मल उपलब्ध गराउने व्यवस्था गरिने छ । अर्गानिक गाउँपालिका निर्माणको लागि आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ ।
- कृषिको विविधीकरण, व्यवसायिकीकरण र यान्त्रिकरण गरी तुलनात्मक लाभका बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीतिलाई अवलम्वन गरिनेछ । “एक वडा एक उत्पादन” भन्ने अवधारणा अनुसार एउटा वडामा कम्तिमा एक कृषि पकेट क्षेत्र निर्धारण गरी कार्यान्वयन गरिनेछ ।
- रेडियो तथा अन्य सञ्चार माध्यम, कल सेन्टर र तालिमको माध्यमबाट कृषि ज्ञानको प्रसारमा जोड दिईने छ ।
- माटो परिक्षण पश्चात माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ । किसानहरुलाई माटो स्वास्थ्य प्रमाणपत्रको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट कृषक छनौट गरी बार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ । कृषकहरुलाई कृषि प्रविधिको जानकारी गराउन एवम् कृषि सम्बन्धि नवीनतम ज्ञान, सीप र कौशलको लागि अगुवा कृषक अध्ययन भ्रमणको व्यवस्था गरिनेछ ।
- “एक घर एक करेसावारी” को अवधारणालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।
- कृषि सेवा केन्द्रलाई व्यवस्थित गरी कृषि उत्पादनको लागि आवश्यक माटो, मल, बिउ, औषधी, उपकरण र अन्य आवश्यक सामग्रीहरु सहित सुविधा सम्पन्न तुल्याईनेछ ।

## पशु सम्बन्धी नीति

- पशु व्यवसायलाई प्रवर्द्धन गर्न र पशुको उत्पादन तथा उत्पादकत्व बढाउन पशु नश्ल सुधार कार्य जारी राखिनेछ। यसका लागि कृत्रिम गर्भाधारण सम्भव नभए साझेदारीमा उन्नत बोका वितरण गरिनेछ।
- पशु वस्तु उत्पादनमा लागत कम गर्न घाँस खेती र घाँस नर्सरी स्थापना गरिनेछ।
- पशु सेवा केन्द्र तथा पशु प्राविधिक भएको क्षेत्रमा पशु औषधी उपकरण र अन्य सामग्री सहित सुविधा सम्पन्न बनाईनेछ।
- कृषकहरुले व्यवसायिक रुपमा पशुपालन गर्न तालिमको व्यवस्थाको साथै अन्तर जिल्ला स्तरीय भ्रमण व्यवस्था मिलाईनेछ।
- व्यवसायिक पशुपालक कृषकहरुको आत्मबल बढाउन तथा प्रोत्साहन गर्न विभिन्न सहयोग कार्यक्रमहरु संचालन गरिनेछ।
- पुराना पशु समूह/समितिहरुलाई पुनरुत्थान गरी तिनीहरुलाई सक्रिय बनाउन आवश्यक पहलका साथै सहयोगका कार्यक्रमहरु संचालन गरिनेछ।
- करैयामाई गाउँपालिकाका पशुहरुलाई स्वस्थ उत्पादन योग्य बनाई राख्न उपचार सेवा तथा प्रयोगशाला सेवा निरन्तर रुपमा संचालन गरिनेछ।
- पशु सेवा नपुगेको ठाउँहरुमा एकिकृत पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।
- पशुबाट मानिसमा सर्न सक्ने रोग जुनोटिक रोग बारे जनचेतना जगाउन विद्यालयस्तरबाट जनचेतनाका कार्यक्रमहरु सुरुवात गरिनेछ।
- करैयामाई गाउँपालिकामा स्थापना भएका पशु फार्म एग्रोभेट मासु पसलहरुलाई करको दायरामा ल्याउन र गुणस्तरीय उत्पादन सुनिश्चितताको लागि दर्ताको व्यवस्था र अनुगमन गरिनेछ।
- गाउँपालिकालाई दुध तथा मासुमा आत्मनिर्भर बनाउन समुह/समिति मार्फत पकेट प्याकेज कार्यक्रम संचालन गरिनेछ।
- पशु व्यवसायको समग्र विकासका लागि पशुसँग सम्बन्धित सबै पक्षहरुसँग छलफल अन्तरक्रिया गोष्ठी संचालन गरिनेछ।

## भवन, सडक तथा पूर्वाधार

- आगामी दुई बर्षभित्र प्रत्येक वडा कार्यालयको केन्द्रमा सडक पुऱ्याउने गरी सडक संजालको विकास गरिनेछ । संचालनरत सडकहरुलाई दिगो रुपमा संचालन हुने किसिमको स्तरोन्नती गरी बाह्रै महिना सुचारु हुने व्यवस्था आगामी ४ बर्ष भित्र गरिनेछ । यसको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्यको नीति लिईने छ ।
- प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील गाउँ शहर निर्माण कार्यलाई व्यवस्थित गरिनेछ । यसको लागि शहरी विकास तथा भवन निर्माण सम्बन्धि मापदण्ड एवम् संहिताको पूर्ण कार्यान्वयन गरिनेछ । संरचना निर्माण गर्नु पूर्व नक्सा पास गर्नुपर्ने कानूनी प्रावधानलाई कडाईका साथ लागू गरिनेछ ।
- सडक, विद्युत, खानेपानी, कार्यालयको संस्थागत संरचना, सिचाई, नाला निर्माणलाई प्राथमिकतामा राखि बजेट बिनियोजन गरिनेछ ।
- गाउँपालिका क्षेत्रका आवश्यक स्थानमा झुलुङ्गे पुल, पक्की पुल र कल्भर्टहरु निर्माणका लागि केन्द्रमा पठाउनको लागि आवश्यक पहल गरिनेछ ।

## खानेपानी तथा सरसफाई सम्बन्धी नीति

- दिगो विकासका १७ लक्ष्यहरुमध्येको सफा पानी र पूर्ण सरसफाई सम्बन्धि लक्ष्य तोकिएको अवधिभित्र प्राप्त गर्न पूर्ण सरसफाईयुक्त वडा घोषणा, एक घर एक धारा, एक घर एक शौचालय, एक व्यक्ति एक रुख, सुधारिएको चूलोको प्रयोग जस्ता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- वडाहरुमा सिजन अनुसार वृक्षारोपण गर्ने, महिनामा कम्तिमा दुई पटक सरसफाई अभियान संचालन गर्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ । गाउँपालिका केन्द्रमा हप्तामा एक पटक सरसफाई अभियान संचालन गरिनेछ ।
- खानेपानी, सरसफाई र फोहोरमैला व्यवस्थापन तथा ढल व्यवस्थापनमा बिशेष ध्यान दिईनेछ । पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणको लागि बर्षैभरी सरसफाई अभियान संचालन गरिनेछ ।

## युवा तथा खेलकूद सम्बन्धि नीति

- "स्वास्थ्यका लागि खेलकूद राष्ट्रका लागि खेलकुद" भन्ने राष्ट्रिय नारालाई सार्थक तुल्याईनेछ । गाउँपालिका स्तरीय, अन्तर स्थानीय तहका खेलकूद प्रतियोगीताहरु संचालनको लागि कार्यतालिका बनाई लागू गरिनेछ ।
- युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न तत्काल छोटो अवधीको सीपमूलक एवम् व्यवसायिक तालिम दिईनेछ ।

## शिक्षा सम्बन्धी नीति

- नयाँ शैक्षिक सत्र देखि गाउँपालिका भरी भर्ना अभियान कार्यक्रम संचालन गरिनेछ ।
- सौहार्दय वातावरणमा शिक्षा दिन यस गाउँपालिका अन्तरगतका सम्पूर्ण विद्यालयमा वृक्षारोपण गरी अध्ययनयुक्त विद्यालीय वातावरण बनाउन व्यवस्था मिलाईनेछ ।
- विद्यार्थीहरुमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गरी सिकाईप्रति मनोवृत्ति बढाउन विभिन्न कार्यक्रम जस्तै हाजिरीजवाफ प्रतियोगिता, वादविवाद तथा निबन्ध लेखन प्रतियोगिता, चित्रकला तथा हस्तलेखन प्रतियोगिता, नृत्य तथा संगित प्रतियोगिता र खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।
- विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई सामयिक तथा नियमित बनाउन विद्यालयलाई विद्युतीय हाजिरी मेशिन उपलब्ध गराउनुको साथै कम्प्युटर, इन्टरनेट तथा फोटोकापीको व्यवस्था गरी प्रविधियुक्त विद्यालय बनाउनमा जोड दिइनेछ ।
- यस २०७५ सालको शैक्षिक सत्र देखि यस करैयामाई गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि अंग्रेजी माध्यमबाट पठन पाठन संचालन भईरहेकोमा आउँदो शैक्षिक सत्र देखि क्रमशः निरन्तरता दिइनेछ ।
- जस्तै कक्षा ८ का लागि जिल्ला स्तरीय परिक्षा हुने गरिएकोमा यस गाउँपालिकामा प्रारम्भिक बालविकास र कक्षा ५ मा गाउँपालिका स्तरिय परिक्षा संचालन गरिने नीति अवलम्बन गरिनेछ ।
- उत्तीर्ण तथा गुणस्तर बृद्धि प्रतिशत बढाउन र गाउँपालिका स्तरीय परीक्षामा एकरुपता ल्याउन गाउँपालिकाबाट परीक्षा संचालन गर्नुका साथै नियमित रुपमा विद्यालय तथा परीक्षा अनुगमन गरिनेछ ।
- प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता तथा कर्मचारीहरुका लागि पोशाक वितरणको लागि व्यवस्था मिलाईनेछ ।
- विद्यालय प्रशासन लगायत अध्ययन अध्यापन चुस्तदुरुस्त राख्न नियमित रुपमा प्रधानाध्यापक बैठकको व्यवस्था गरिनेछ ।
- विद्यालय विकास तथा विद्यालयप्रति जिम्मेवारी बढाउन विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्न व्यवस्था गरिनेछ ।
- शिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई हरेक बर्ष पुरस्कृत गरिनेछ ।
- शिक्षा शाखाले मांग गरेको कागजात तथा तथ्याङ समयमै ल्याई पुऱ्याउने र शिक्षा शाखा प्रति जवाफदेही हुने तथा विद्यालयको प्रशासन चुस्तदुरुस्त राख्ने प्रधानाध्यापकलाई पुरस्कृत गरिनेछ ।

- पाठ योजना अनुरुप अध्यापन नगर्ने, शिक्षण विधिको प्रयोग नगरी अध्यापन गर्ने तथा विद्यालयमा बिना सूचना गयल हुने प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको तलब भत्ता रोक्ने व्यवस्था गरिनेछ ।
- राजनीतिमा संलग्न भई आफ्नो जिम्मेवारी पूरा नगर्ने शिक्षकलाई आवश्यक कारवाही गरिनेछ भने आस्थाका हिसाबले कुनै पनि शिक्षक कर्मचारीलाई विभेद गरिने छैन ।
- शैक्षिक संस्थाभित्र मादक पदार्थ, धुम्रपान तथा नसालु पदार्थ प्रयोग भएको पाइएमा जरिवाना सहित कारवाही गरिनेछ भने जङ्कफुड निरुत्साहित गरिनेछ ।
- आर्थिक बर्ष २०७४।०७५ मा संचालन गरिएको लोकसेवा आयोग तयारी कक्षामा अध्ययनरत विद्यार्थीहरुले राम्रो नतिजा ल्याउन सफल भएकाले सोको निरन्तरता दिन निःशुल्क लोकसेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।
- पाँच बर्ष भित्रमा गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ । बाल शिक्षा, प्रौढ शिक्षा लगायत प्रत्येक वडामा १२ कक्षासम्मको माध्यमिक विद्यालय निर्माण र संचालनको लागि आवश्यक पहल गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम लागू गरिनेछ ।
- गाउँपालिका स्तरमा श्री जनता माध्यमिक विद्यालय, उमजनलाई नमूना विद्यालय बनाउन सम्भाव्यता अध्ययन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुले वितरण गर्ने छात्रवृति तथा निःशुल्क पुस्तक वितरणलाई व्यवस्थित गर्न गाउँपालिका स्तरिय पुस्तक दिवस तथा छात्रवृति दिवस मनाई छात्रवृति तथा पुस्तक वितरण गरिनेछ ।
- विद्यालय शान्ति क्षेत्र भन्ने सरकारको अवधारणालाई यस गाउँपालिका क्षेत्रमा समेत कडाईका साथ कार्यान्वयन गरिनेछ । विभिन्न बाहानामा विद्यार्थी शिक्षक राजनीतिक दलहरुबाट हुने शिक्षक हडतालको अन्त्य गरिनेछ ।
- सबै विद्यालयहरुको संरचना बालमैत्री बनाउने तथा गुणस्तरीय शिक्षाका लागि आवश्यक कम्प्युटर लगायत शैक्षिक सामाग्रीहरु र दक्ष शिक्षकहरुको उचित व्यवस्थापन गरिनेछ । बालमैत्री स्थानीय शासनकै अवधारण बमोजिम विद्यार्थीको पठनपाठनमा जोड दिइनेछ ।
- छात्राहरुको अनुपस्थिति दर घटाउन विद्यालयमा महिलामैत्री शौचालयको व्यवस्था गरिनुका साथै स्यानेटरी पैड वितरणको व्यवस्था गरिनेछ ।
- “शैक्षिक समानता, गुणस्तरीय शिक्षामा एकता, करैयामाई गाउँपालिकाको प्रतिबद्धता” भन्ने नारालाई कार्यान्वयन गर्न कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।
- शैक्षिक सुधारका लागि प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीलाई सरुवा गरिने नीति लागू गरिनेछ ।

- विद्यार्थी अनुपातमा शिक्षक व्यवस्थापन एवम् भौतिक संरचनाको निर्माण जस्ता कार्यलाई प्रभावकारी बनाईनेछ ।
- अभिभावकले आ-आफ्नो बालबालिकाले विद्यालयबाट पाएको गृहकार्य नगराएमा वा घरमा पठन पाठनका लागि वातावरण सृजना नगरेको तथा अनावश्यक घरायसी काम गर्न वा गोठ पठाएको पाइएमा वा सम्बन्धित विद्यालयबाट वा वडा कार्यालयबाट सिफारिस भई आएमा यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधा तथा प्रशासनिक कार्यबाट वञ्चित गरिने नीति अवलम्बन गरिनेछ ।

## स्वास्थ्य सम्बन्धि नीति

- गाउँपालिका भित्रका सबै स्वास्थ्य चौकीहरुको स्तरोन्नती गर्दै लैजानका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्र स्वास्थ्य चौकीहरुको मर्मत सम्भार गरी व्यवस्थित गरिने छ ।
- बर्षको एक पटक घरमै पुगेर ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण सेवा तथा औषधी वितरण सेवा उपलब्ध गराईनेछ ।
- गाउँपालिका अन्तर्गतका बालबालिकाहरुमा शिघ्र कुपोषणको अवस्था पत्ता लगाउन प्रत्येक वडामा जाँच शिविर सञ्चालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका जनताहरुको आधारभुत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न गडहल स्वास्थ्य चौकी नरहीमा रुपमा ल्याव सेवा संचालन गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेवकले पुऱ्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गरिने नीति लिईएको छ ।
- गर्भवती, सुत्केरी तथा नवजात शिशु स्याहार सम्बन्धी सम्पूर्ण सेवाहरु थप गुणस्तरीय र व्यवस्थित ढङ्गले संचालन गरिने छन् ।
- महिलाहरुमा देखिने आङ खस्ने (पाठेघर खस्ने) समस्याबाट पीडित भई स्वस्थ्य जीवनयापनमा साऱ्है समस्या भईरहेकोले यो रोग पत्ता लगाउन निःशुल्क स्वास्थ्य शिविर संचालन गरी निःशुल्क उपचारको लागि रिफर गरिने छ ।
- शिघ्र कुपोषणको एकिकृत व्यवस्थापनको लागि ओ.टि.सि. सेन्टर स्थापनाको लागि आवश्यक पहल गरिने छ ।
- गाउँपालिका अन्तर्गत वडा नं. ३ र वडा नं. ६ मा स्वास्थ्य चौकी स्थापनाको लागि आवश्यक पहल गरिने छ ।
- गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा सिकिस्त भई आउने बिरामीहरुलाई प्रेषणको लागि एम्बुलेन्स व्यवस्थाको लागि आवश्यक पहल गरिने छ ।

- स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसार कर्मचारीहरु, औजार, उपकरण र भौतिक व्यवस्था गरी स्वास्थ्य सेवाको गुणस्तर प्रवद्धन गरिनेछ ।
- स्वास्थ्य सेवामा समर्पित भई उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ भने स्वास्थ्य सेवा प्रवाहमा जिम्मेवारी पुरा नगरी समय पालना र नियमितताको पालना नगर्ने र जाँड रक्सी खाएर खराब आचरण र कामचोर कर्मचारीलाई प्रचलित ऐन नियमानुसार दण्दित गरिनेछ ।
- व्यक्ति स्वस्थ्य परिवार स्वस्थ्य, समाज स्वस्थ्य हाम्रो गाउँपालिका स्वस्थ्य भन्ने नारालाई अवलम्बन गर्दै यस गाउँपालिकाको समग्र स्वास्थ्य सम्बन्धी सूचकहरुमा सुधार गरिनेछ ।
- स्वास्थ्य सेवाको गुणस्तर नियमनका लागि नियमित अनुगमन कार्य गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

- लैंगिक समानता, महिला सशक्तिकरण, मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ ।
- जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिनेछ । महिला हिंसाको प्रमुख कारणको रुपमा अशिक्षा, अभाव, अन्धविश्वास र पछौटेपन हटाउन बिशेष अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।
- असल सामाजिक मूल्य मान्यताको संरक्षण एवम् संवद्धन गरिने छ । बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप, छुवाछुत एवम् अन्य सामाजिक कुरीति उन्मूलन गर्न बिशेष सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- लक्षित वर्ग, क्षेत्र एवम् समुदाय केन्द्रित व्यवसायिक एवम् सीपमूलक तालिमहरु संचालन गरी त्यस्ता वर्गको सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- समाजमा कुसंस्कारको रुपमा रहेको बालविवाहलाई न्यूनिकरण गर्न टोल, वडा एवम् गाउँपालिका स्तरमा चेतनामूलक कार्यक्रम गर्नका साथै कानूनी कारवाहीलाई कडाइका साथ लागू गरिनेछ ।
- लैङ्गिक हिंसा र घरेलु हिंसा न्यूनिकरण गर्न कानूनी एवं चेतनामूलक कार्यक्रममा जोड दिइनेछ ।

## संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीति

- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ । भष्ट्राचार गर्ने र गराउने दुवैलाई दण्डित गर्ने नीतिको अवलम्बन गरिनेछ ।

- गाउँपालिका तथा प्रत्येक वडामा सूचना तथा तथ्याङक व्यवस्थापनको लागि सूचना तथा अभिलेख व्यवस्थापन केन्द्रलाई व्यवस्थित गरिनेछ । वडा कार्यालयबाट हुने गरेको सार्वजनिक सेवाप्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगती प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयन ल्याईनेछ ।
- वडा कार्यालय एवम् गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्तीलाई अभियानको रुपमा संचालन गरिनेछ । नि:शुल्क रुपमा जग्गा प्राप्त गर्ने वडाहरुलाई भवन निर्माणको लागि पहिलो प्राथमिकता राखिनेछ । आगामी दुई बर्षभित्र गाउँपालिका एवम् सबै वडा कार्यालयहरुको आफ्नै भवन हुनेछन् ।
- विद्युतीय शासनको लागि आवश्यक पहल गरिनेछ । लेखा, योजना र राजस्व प्रणालीलाई सफ्टवेयरको प्रयोग गरी व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाको हरेक गतिविधिहरुलाई रेडियो मार्फत प्रचार प्रसार गरिनेछ ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ ।
- गाउँपालिकाको पाश्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्बन्धी समेटिएको वृतचित्र निर्माण गरी गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।
- पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिईनेछ । सोको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारले सुसज्जित जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ ।
- तोकिएको योजना आयोजनाहरु गुणस्तरिय रुपमा समयमै सम्पन्न गर्न अनुगमन मूल्याङ्कन कार्यलाई प्राथमिकता दिइनेछ ।
- जिम्मेवारी पूर्वक उत्कृष्ट कार्य सम्पादन गर्ने, अनुशासन, ईमान्दारिता र उच्च नैतिक चरित्र भएका कर्मचारीहरुलाई पुरस्कृत गरी प्रोत्साहन गरिनेछ भने खराब आचरण र जिम्मेवारी बहन नगर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम दण्ड सजायको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरी उत्प्रेरित गरिनेछ भने सन्तोषजनक कार्य सम्पादन नगर्ने, समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने साथै आगामी बर्षमा उपभोक्ता समितिको रुपमा काम गर्नबाट वञ्चित गरिने कार्यलाई जारी राखिनेछ ।
- कुनै पनि सरकारी, गैर सरकारी संघसंस्था, निकाय, क्षेत्र, बिषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा

कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

## विपद व्यवस्थापन, वातावरण तथा खानेपानी सम्बन्धी नीति :

- गाउँपालिकालाई खुला दिशामुक्त गाउँपालिका बनाउनको लागि हरेक घरमा चर्पी र शुद्ध खानेपानीको व्यवस्थाको लागि चर्पी निर्माण तथा नयाँ ट्युवेल तथा खानेपानी परियोजनाहरु संचालन गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- ऐलानी, पर्ती, सार्वजनिक जमिनको खोजी, रेखाङ्कन र संरक्षण गर्ने कार्य जारी राखिनेछ ।
- गाउँपालिकाभित्र रहेका सार्वजनिक पर्ती जग्गा, चरण क्षेत्र आदि माथिको दोहन रोकी पार्क, उद्यान पोखरीको विकास गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेको वनजङ्गलको संरक्षण कार्यक्रम तथा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाभित्र प्राकृतिक प्रकोप, आगलागी, बाढीजस्ता सम्भावित विपदहरुको व्यवस्थापनको लागि आवश्यक स्रोत, सामग्री तथा उपकरणको व्यवस्था गरिनेछ ।

## संस्कृति प्रवद्धन तथा पर्यटन सम्बन्धी नीति

- गाउँपालिकाभित्र रहेको मठ मन्दिर मर्मत तथा सम्भार गरी गाउँपालिकालाई धार्मिक क्षेत्रको रुपमा विकास गरिने नीति लिइएको छ ।
- प्रसिद्ध बारागढी र करैयामाई लगायतका क्षेत्रहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

## विद्युत सम्बन्धी नीति

- गाउँपालिकाको सबै वडाहरुमा विद्युतीकरण गरिनेछ । विद्युत नपुगेका वडा र टोलहरुमा विद्युत पुऱ्याउन प्राथमिकता दिइनेछ ।
- विद्युत चुहावटलाई नियन्त्रण गर्न विशेष पहल गरिनेछ ।

## ज्येष्ठ नागरिक सम्बन्धी नीति

- प्रत्येक बर्ष कम्तिमा दुई पटक ज्येष्ठ नागरिकहरुको घरमै स्वास्थ्य जाँचको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

सहकारी सम्बन्धि नीति

- संघीय सरकार एवम् प्रदेश सरकारको 'गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारी'' को नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषिजन्य र वनपैदावरमा आधारित उद्योगको स्थापना गरी रोजगारी सिर्जना गरिनेछ ।
- युवा बेरोजगारीलाई सम्बोधन गर्न युवा लक्षित कार्यक्रम संचालन गरिनेछ । दलित महिला, द्वन्द्वपीडित, विपन्न तथा सीमान्तकृत समुदायको आत्मनिर्भरताको लागि लक्षित वर्ग बिशेष कार्यक्रम संचालन गरिनेछ ।

अब म उपरोक्त नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न आर्थिक बर्ष २०७५।०७६ का लागि अनुमानित आय र व्यय प्रस्तुत गर्न चाहन्छु । यस आ.व. मा आय तर्फ, आन्तरिक आयमा कर , सेवा शुल्क र दस्तुरबाट रु ९ लाख ४९ हजार, राजस्व बाडफाँडबाट रु ५ करोड ७४ लाख ४५ हजार, र नेपाल सरकारबाट सशर्त अनुदान रु. ७ करोड ७६ लाख, वित्तिय समानीकरण अनुदान रु. ९ करोड ५० लाख, सामाजिक सुरक्षा भत्ता रु. २ करोड ९२ लाख ९५ हजार, बहुक्षेत्रीय पोषण अनुदान तर्फ रु. १३ लाख २९ हजार, गरीबसँग बिषेश्वर कार्यक्रम तर्फ रु. ३ लाख ९४ हजार, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु. ५ लाख, प्रादेशिक सरकार वित्तिय समानीकरण रु. २७ लाख ५ हजार, सर्शत अनुदान रु. ५० लाख र गत बर्षको मौज्दात रु ३ करोड ४० लाख गरी कुल जम्मा रु. ३० करोड ४२ लाख १७ हजार आय अनुमान गरिएको छ ।

व्यय तर्फ सशर्त अनुदान सहित चालू खर्चमा रु. १७ करोड २५ लाख १२ हजार, पूँजीगत खर्चमा रु. १३ करोड १७ लाख ५ हजार विनियोजन गरिएको छ, जुन कुल बजेटको सशर्त सहितको चालू तर्फ ५७ प्रतिशत, पूँजीगत तर्फ ४३ प्रतिशत हुन आउँछ ।

अन्त्यमा नेपालको संविधान कार्यान्वयनको क्रममा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारलाई प्रयोग गरी प्रस्तुत गरिएको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा महत्वपुर्ण योगदान पुऱ्याई यो तेस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउने सुअवसर प्रदान गर्ने सबै गाउँबासी सम्पूर्ण जनसमुदाय, गाउँ कार्यपालिका र गाउँसभाका सदस्यहरु, राजनीतिक दल एवम् भातृ संगठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

भुनेश्वर धामी

अध्यक्ष